
| सुखी |  | परिवार |  |
|---|---|---|---|



# स

## सुखी परिवार

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स | | | | | | सो | | | | | |
| सु | | | | | | सा | | | | | |
| सी | | | | | | से | | | | | |
| सै | | | | | | सि | | | | | |

**स** सफा समय ससुरा पुल सल्ला सर्प

| | |
|---|---|
| सि | सा सु सो से सि सी सा सि सो |
| सिमी | सिरक सिलाउनु सिमी सानो सेतो |
| साबुन | सुपो लसुन साबुन मुसल गाबुन |

| | | | |
|---|---|---|---|
|  |  |  |  |

| | | | |
|---|---|---|---|
| साग | सिमी | लसुन | दिसा |

| | |
|---|---|
| सा.. | |
| सिम.. | |
| ..सुन | |
| दि..ा | |
| साबु.. | |
| सुप.. | |

१. मेरो आमाले गाबुन [ ] ।

२. हरियो [ ] भिटामिन ए पाइन्छ ।




३. म [ ] खान्छु ।

४. बाटोमा [ ] गर्नुहुँदैन ।

५. मेरो परिवार [ ] छ ।

सिमी   दिसा   रोप्नुहुन्छ   सिलाउनुहुन्छ   सानो   सागमा

# २० देखि ४० सम्म संख्याहरु

| दश | एक |
|---|---|
| २ | २ |
| बाईस | |

| दश | एक |
|---|---|
| | |
| | |

| दश | एक |
|---|---|
| | |
| | |

माथिको उदाहरण जस्तै २० देखि ४० सम्मको संख्याहरु चिनाउने ।
अभ्यास: २, ३, ४ लट्ठीहरु र ०-९ टुक्रा देखाएर संख्याको नाम भन्ने ।
(४० सम्म एउटा संख्याको नाम भनेर लट्ठीहरु टुक्राहरु देखाउन लगाउने)

## जोड हात नलागी

| | | | |
|---|---|---|---|
| २ २ | ३ ४ | ३ ० | २ ३ |
| + ४ | + ५ | + ७ | + ६ |
| ____ | ____ | ____ | ____ |

| | | | |
|---|---|---|---|
| २ ३ | १ २ | १ ० | १ ३ |
| + १ ४ | + २ ५ | + १ ७ | + १ ६ |
| ____ | ____ | ____ | ____ |

हात लागी

| | | | |
|---|---|---|---|
| २ ३ | १ ७ | १ ६ | २ ४ |
| + ८ | + ५ | + १ ७ | + १ ६ |
| ____ | ____ | ____ | ____ |

| | | |
|---|---|---|
| स  | स्‍ |  |
| | स्‍ = स् | हाँस्नु |



हाँस्नु

म हाँस्छु

उ हाँस्छ


उहाँ हाँस्नुहुन्छ

खस्नु, बस्नु, टास्नु, मास्नु, गास्नु: म.... उसले.... उहाँ....


| | | | |
|---|---|---|---|
|  |  |  |  |
| सिस्नु | स्याउ | लिस्नो | स्कुल |

| | |
|---|---|
| स्या.. | |
| सि..नु | |
| लि..नो | |
| स्कु.. | |

# ४० देखि ६० सम्म संख्याहरु



| दश | एक |
|---|---|
| ४ | ३ |
| | |



| दश | एक |
|---|---|
| | |
| | |

## जोड हात लागी

| | | | |
|---|---|---|---|
| ३ ३ | १ ७ | ३ ६ | २ ४ |
| + १ ८ | + १ ५ | + १ ७ | + ३ ६ |

## घटाउ

| | | | |
|---|---|---|---|
| ३ ३ | ४ ७ | ३ ९ | ५ ४ |
| - २ | - ५ | - ७ | - २ |
| ४ ८ | ५ ७ | ३ ६ | २ ४ |
| - १ ८ | - २ ५ | - १ ३ | - १ २ |
| ५ ३ | ५ ७ | ४ ६ | ४ ४ |
| - १ २ | - १ ० | - ३ ३ | - ३ २ |

# सुखी परिवार

मेरो परिवार सानो छ ।
मेरो बूवा, मेरो आमा, मेरो दिदी र म ।
सूखी परिवार छ ।



गएको साल बा आमाले मेरो
दिदीलाई र मलाई स्कुलमा
पठाउनुभयो ।
हामीलाई खुसी लाग्यो ।
हामीलाई हिसाब गर्न,
लेख्न आँउछ ।



कुकूरलाई पनि लेख्न आउछ ।
हात नभएकोले मुखले कलम समात्छ ।

| सानो परिवार | ठूलो परिवार |
|---|---|
| १. घरमा सुख हुन्छ | १. घरमा ..................... |
| २. सबैलाई खाना पुग्छ | २. खाना ...................... |

| | |
|---|---|
|  | ौ |

तौल गर्नु


| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ौ | | | | | | | | | | | |
| तौल | | | | | | | | | | | |


# दःुख सुख

म खोल्सीमा बस्छु ।
मेरो एकजना छोरी र एकजना छोरा छन् ।
सुखी परिवार छ । तर मेरो छोरा सानो हुँदा दःुख भयो ।
मेरो छोरा रोग लागेर एकदम दुब्लाएको थियो ।
सिमिकोट अस्पतालमा लागेर पनि निको भएन ।
एक दिन सरिता र सुनिता हाम्रो गाउँमा आउनुभयो ।
सरिताले मेरो छोरालाई तौल गर्नुभयो ।


सरिता: तपाईको छोरा एकदम दुब्लो छ ।
आमा: मेरो छोरा बिरामी छ । खान मन गर्दैन ।
सरिता: त्यसो भए लिटो पकाउनुस् र छोरालाई खुवाउनुस् ।
आमा: लिटो, के हो ? कसरी पकाउने ? मलाई आउदैन ।

सुनिता:
१ भाग गहुँ, १ भाग मकै र २ भाग भटमास







केलाउने




छुट्टा छुट्टै
भुट्ने




मिसाउने
पिस्ने



बिर्को भएको
भाँडामा राख्ने




उमालेको पानीमा
हाल्ने



खुवाउने

आमा: म खुवाईदिन्छु ।
(एक महिना पछि)




सरिता: तपाईको छोरा कस्तो मोटो भएको । के भयो ?
आमा: हरेक दिन छोरालाई लिटो खुवाइदिए । मोटो भयो ।



१. सरिताले आमालाई के को सल्लाह दिनुभयो ?

२. लिटो कसरी बनाउने ?

३. एक महिना लिटो खुवाएपछि के भयो ?

| | | | | | |
|---|---|---|---|---|---|
|  | घर |  | घर |  | घर |




# घ

## घर

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| घ | | | | | घो | | | | | |
| घु | | | | | घा | | | | | |
| घी | | | | | घे | | | | | |
| घै | | | | | घि | | | | | |

घ  घर  घडी  घट्ट  नानी  घण्टा  बाघ  घाँस

| | |
|---|---|
| घा | घो घा घे घि घी घा घै घो घु |
| घट्ट | घाटी घट्ट घट्नु घटना घोडा घर |

| | | | |
|---|---|---|---|
|  |  |  |  |

| | | | |
|---|---|---|---|
| घर | घट्ट | घडी | घाँस |

| | |
|---|---|
| घ.. | |
| घ..स | |
| घ.. | |
| घड.. | |

१. मेरो ______ हरायो ।


२. मेरो ______ हेप्का गाउँमा पर्छ ।


३. मेरो बहिनी ______ गइन् ।

४. मेरो दिदीले ______ काट्नुहुन्छ ।

५. ______ वनमा छ ।

घाँस घट्टमा बाघ घोडा घडी घर






# फ

फुल फूल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| फ | | | | | | फो | | | | | |
| फु | | | | | | फू | | | | | |
| फी | | | | | | फे | | | | | |
| फै | | | | | | फि | | | | | |
| फा | | | | | | | | | | | |

**फ** फर्सी फलफूल फल्नु गहुँ फरक फापर

| | |
|---|---|
| फू | फो फु फे फि फी फू फै फू फा |
| सफा | फुपू फोहोर सफा फेरि फाइदा सफा |

| | | | |
|---|---|---|---|
|  |  |  |  |

| | | | |
|---|---|---|---|
| फुल | फुली | फूल | फर्सी |

| | |
|---|---|
| ..र्सी | |
| फुल.. | |
| फू.. | |
| फु.. | |

१. हामी [ ] रोप्छौं ।

२. माटोले खेलेपछि हात [ ] हुन्छ ।

३. म सुनको [ ] लगाउछु ।

४. तपाई [ ] आउनुस् ।





५. गाउँघर [ ] राख्नुस् ।

६. म [ ] पकाउँछु ।


फुल फापर सफा फर्सी फोहोर फुली फेरि

# फूल बनाउने

## चित्र अनुसार बनाउने:

| | |
|---|---|
| १. दुई कुना पट्याउने । |  |
| २. तीन कुना पट्याउने । |  |
| ३. सानो तीन कुना पट्याउने, खोल्ने । |  |
| ४. दायाँ र बायाँको कुना पट्याउने । |  |

मेरो सानो फूलबारी




रामको घर मुनेको घर


१. राम र मुनेको घरमा के के फरक देख्नुभयो ?
२. कसको घर मन पर्छ र किन ?
३. घर फोहोर भएमा के हानी हुन्छ ?
४. घर सफा भएमा के फाइदा हुन्छ ?
५. हामीले घर सफा राख्न के के गर्नुपर्छ ?

रामको परिवारले घर वरपर दिसा पिसाब गरे ।
कसैले सफा गरेनन् ।
परिवारको बाल-बालिका पखाला लागेर बिरामी परे ।
मुनेको परिवारको घरमा कतै फोहोर छैन ।
त्यसैले सबै निरोगी छन् । घरको सबै परिवार मिलेर घर सफा राख्छन् । फूल पनि लगाउछन् ।
हामीले आफ्नो घर, बाटो, गाउँ सफा राख्नुपर्छ ।

# ६० देखि ८० सम्म संख्याहरु



| दश | एक |
|---|---|
| ६ | २ |
| | |



| दश | एक |
|---|---|
| | |
| | |

## घटाउ सापटी लिनुपर्ने

| | | | |
|---|---|---|---|
| ३ २<br>- ७ | ५ ५<br>- ८ | ६ ५<br>- ९ | ६ ४<br>- ६ |
| ६ ७<br>- ८ | ५ ३<br>- ५ | ३ १<br>- ३ | ६ ४<br>- ६ |
| ७ १<br>- ९ | ५ ४<br>- ७ | ७ ६<br>- ९ | ८ ०<br>- ३ |





# थ

## थारो

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| थ | | | | | थो | | | | | |
| थु | | | | | थू | | | | | |
| थी | | | | | थे | | | | | |
| थै | | | | | थि | | | | | |
| था | | | | | | | | | | |

| थ | थकाइ थप्नु याक साथी थुप्का थाल्नु |
|---|---|

| | |
|---|---|
| था | थो था थे थि थी थू थै थो थु था |
| थैली | थोरै थोक थाहा थैली थकाइ थाल |

| | | | |
|---|---|---|---|
|  |  |  |  |
| थारो | थैली | थाल | साथी |

| | |
|---|---|
| थार.. | |
| थ..ल | |
| थै..ी | |
| सा..ी | |

१. मेरो आमाले [ ] पकाउनुहुन्छ ।

२. मोती [ ] बाट खस्यो ।

३. मेरो [ ] पैसा छैन ।


४. मेरो [ ] नाम सीमा हो ।

५. दिनभरि काम गरेपछि [ ] लाग्यो ।

साथीको थाल थैलीमा थकाइ थुप्का थारो

# थारोको खेल


मेरो नाम भौराब हो ।
मेरो साथीको नाम नन्दा हो ।
हामी डाडाँफायामा बस्छौं ।
गर्मी महिनामा हामी लेकमा बस्छौं ।
लेकमा मेरो घर सबभन्दा माथि पर्छ,
नन्दाको घर सबभन्दा तल पर्छ ।



बिदाको बेलामा हामीले
दिनभरि थारोमा एक खुट्टे
खेलेका थियौं ।
हामीलाई एकदम दिक्क
लाग्यो ।

नयाँ खेल खेलौं,
मेरो साथीले भनेको थियो ।
नयाँ खेल ? कसरी खेल्ने ?
मलाई थाहा छैन, मैले भनेको थिएँ ।
हामी थारोदेखि मेरो घरसम्म
छिटो छिटो पुग्यौं ।
तल पुगेपछि मेरो दाइले कति मिनेट लाग्यो भन्नुहुन्छ ।

हामीले यो नयाँ खेल खेल्न थालेको थियौं ।
मेरो साथी र म माथि उभिएको थियौं । तलबटा मेरो दाइले १, २, ३ गन्नुभएको थियो । मेरो साथी छिटो छिटो दगुरेको थियो । तेस्रो लिस्नोमा पुगी के भयो होला ?



खसेको, टाउकोमा घाउ भयो,
रगत आयो


........................................
........................................
........................................
........................................
........................................
........................................



घाउमा साबुन पानीले सफा गऱ्यौं,
आयोडिन लगायौं,
आमाले गाली गर्नुभयो

........................................
........................................
........................................
........................................
........................................
........................................

# ८० देखि १०० सम्म संख्याहरु



| दश | एक |
|---|---|
| | |
| | |

| दश | एक |
|---|---|
| | |
| | |

माथिको उदाहरण जस्तै ८० देखि १०० सम्मको संख्याहरु चिनाउने ।
अभ्यास: ८-१० लट्ठीहरु र ०-९ टुक्रा देखाएर संख्याको नाम भन्ने ।
(१०० सम्म एउटा संख्याको नाम भनेर लट्ठीहरु टुक्राहरु देखाउन लगाउने)

## घटाउ सापटी लिनुपर्ने

| | | | |
|---|---|---|---|
| ९ २ | ८ ६ | ७ ५ | ५ ४ |
| - ७ | - ८ | - ९ | - ६ |
| | | | |
| ७ ५ | ९ ७ | ६ १ | ८ ४ |
| - २ ८ | - ५ ९ | - ४ ३ | - ७ ६ |
| | | | |
| ८ १ | ५ ४ | ७ ६ | ९ ० |
| - ४ ९ | - ३ ७ | - ५ ९ | - ६ ३ |
| | | | |

| | | |
|---|---|---|
| ग | ग्र |  |
| | ग् + र = ग्र | ग्रीन हाउस |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ग्र | | | | | | | | | | | |

| | | | |
|---|---|---|---|
| ग्रीन हाउस | | | |

| | | | |
|---|---|---|---|
| म् + र = म्र | तिम्रो | राम्रो | हाम्रो |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| म्र | | | | | | | | | | | |


| | | | | | |
|---|---|---|---|---|---|
| तिम्रो | | | | | |
| राम्रो | | | | | |

| | |
|---|---|
| ह् + र = ह्र | गाह्रो |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ह्र | | | | | | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| गाह्रो | | | | | |

# ग्रीन हाउस



गीता र मुने खोल्सी गाउँमा
बस्छन् ।
खोल्सीमा मौसम राम्रो छैन ।
हिउँदको बेलामा हरियो सागपात,
काउली, फर्सी लगाउन सकिदैंन ।
हिउँदे महिनामा भिटामिन ए
भएको खानेकुरा पाइदैन ।
के गर्ने, होला ?

आमा: ग्रीन हाउस बनाउनुपर्छ ।
बुवा: ग्रीन हाउस के हो ? किन, कसरी बनाउने ?
आमा: ग्रीन हाउस बोट बिरुवाको घर हो ।
बुवा: बोट बिरुवाको लागि घर बनाउने ? किन होला ?
आमा: हिउँदे मौसमले गर्दा ।
हिउँदमा तरकारी लगाउन सकिदैंन ।
बुवा: आहा, हिउँदे महिनामा तरकारी ग्रीन हाउसमा
लगाउने ? । बाहिर भन्दा ग्रीन हाउसमा
तापक्रम बढी हुन्छ र ?
आमा: हो । अनि ग्रीन हाउसमा हरेक महिना हरियो
सागपात लगाउन सकिन्छ ।
बुवा: हो र ? तर ग्रीन हाउस कसरी बनाउने ? गाह्रो छैन ?
आमा: गाह्रो छ । तर सबै मिलेर ग्रीन हाउस बनाउँदा
सजिलो हुन्छ ।


१. भिटामिन ए कमी भयो भने, के हुन्छ ?

२. कुन कुन खानेकुरामा भिटामिन ए पाइन्छ ?

३. ग्रीन हाउस किन बनाउने ?

४. तपाईको गाउँमा ग्रीन हाउस बनाएको छ कि छैन ?

ग्रीन हाउस बनायो भने:
क. ग्रीन हाउस कसले बनायो ?
ख. कसरी बनाएको थियो ?
ग. ग्रीन हाउसमा के के रोपिन्छन् ?






# विकास भयो

हाम्रो गाउँ सानो छ तर रमाइलो छ ।
वरिपरि वन छ । हिमाल देखिन्छ ।
हाम्रो गाउँ एकदम सफा छ ।
सबै मिलेर हाम्रो गाउँ सफा गर्छन्: फोहोर छुट्टै राख्नुपर्छ ।
बाटोमा फाल्नु हुँदैन ।

सबै गाईवस्तु छन् : भेडा, बाख्रा, गाई, गोरु, याक
ग्रीन हाउस पनि छ ।
ग्रीन हाउसमा हरियो साग, लसुन, बन्दा, काउली लगाउछौं ।
हाम्रो गाउँमा विकास भयो ।
सबै गाउँलेलाई खुसी लाग्यो ।







१. हाम्रो गाउँ कस्तो छ ?

२. गाउँमा कुन कुन गाईवस्तु छन् ?

३. ग्रीन हाउसमा के के लगाउछौं ?

४. गाउँलेलाई किन खुसी लाग्यो ?

| | | | | | |
|---|---|---|---|---|---|
|  | पानी |  | पानी |  | पानी |



ध

धारा

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ध | | | | | | | | | | | | | | | |

ध   धनी धर्म धन्यवाद दूध दही धोती गधा

| | |
|---|---|
| धु | धा धो धे धु धी धू धि धै धु धा धे |
| धुवाँ | धारा धेरै धुवाँ धान धुनु धुलो धुवाँ |

| | | | |
|---|---|---|---|
|  |  |  |  |
| धारा | दूध | धान | धुवाँ |

१. दिसा गरेपछि हात [ ] ।

२. भोली हामी [ ] रोप्छौं ।

३. सानो नानीलाई आमाको [ ] खुवाउनुपर्छ ।

४. मेरो आमाले [ ] लगाउनुहुन्छ ।

धान ग्रीन हाउस धोती दूध धुनुपर्छ

# पानी छैन, के गर्ने ?

हाम्रो गाउँमा धारा छ । खोलाबाट पानी ल्याउनुपर्दैन ।
तर अस्ति धारामा पानी आएको थिएन ।
महिलाहरुले फेरि हरेक दिन खोलाबाट पानी ल्याउनुपर्छ ।
दश दिन खोलामा गएपछि मेरो आमा रिसाउनुभयो ।



सबै महिलाहरुलाई धारामा बोलाएर भन्नुभयो:
पानी छैन । धारा मर्मत गर्नुपर्छ ।
यो केटामान्छेहरुको काम हो ।

त्यो दिन देखि सबै महिला धारामा बसेर खोलामा गएनन् ।
भोली पल्ट हाम्रो छिमेकी मुहानमा गयो ।
मुहान वरिपरी फोहोर थियो ।
छिटो छिटो सफा गरेर पानी खोल्यो ।
धारामा पानी आयो । सबैलाई एकदम खुसी लाग्यो ।




१. आमा किन रिसाउनुभयो ?
२. गाउँको महिलाहरुले के गरे ?
३. किन धारामा पानी आएको थिएन ?

## याद गर्नुस्:

१. धारा सधैं बन्द गर्नुस्
२. पाइप नकाट्नुस्
३. मुहान वरिपरि फोहोर नगर्नुस्

| | | | |
|---|---|---|---|
| १. | बन्द गर्नसु | धारा | सधैं |

| | | |
|---|---|---|
| २. | नकाट्नुस | पाइप |

| | | | |
|---|---|---|---|
| ३. | फोहोर नगर्नुस् | मुहान | वरिपरि |

## संख्याहरुको क्रम

क्रममा मिल्ने संख्याहरु लेख्ने

| | | | | | |
|---|---|---|---|---|---|
| | २० | २१ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ७० | ७१ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ५० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | १०० |

संख्याहरुलाई बढ्दो क्रममा लेख्ने

| | | |
|---|---|---|
| ४३ | ३४ | ४० |

| | | |
|---|---|---|
| ३४ | ४० | ४३ |

| | | |
|---|---|---|
| ९१ | ९५ | ५९ |

| | | |
|---|---|---|
| | | |

संख्याहरुलाई घट्दो क्रममा लेख्ने

| | | |
|---|---|---|
| ३६ | ६० | ६३ |

| | | |
|---|---|---|
| ६३ | | |


| | | |
|---|---|---|
| ५७ | ८९ | २४ |

| | | |
|---|---|---|
| | | |

## संख्या तालिका: १ देखि १०० सम्म

संख्या तालिका पूरा गर्ने र संख्या चिने

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| ११ | | | | | १६ | | | | २० |
| | | २३ | | | | | | | ३० |
| | | | | | | ३७ | | | |
| ४१ | | | | ४५ | | | | | |
| | | | | | | | | | ६० |
| | ६२ | | | | | | ६८ | | |
| | | ७३ | | | | | | | |
| | | | | | ८६ | | | | |
| ९१ | | | | | | | | | १०० |

| | |
|---|---|
|  | श |

शरीर

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श | | | | | | | | | | | | | | | |

श शरीर शहर शनिबार सफा देश आकाश दश

| | |
|---|---|
| शो | शा शो शे शु शी शू शि शै शा शो |
| शरीर | शब्द शहर शरीर विदेश |

| | | |
|---|---|---|
| श  | श् | |
| | श् = श् | आवश्यक |

# गीता र सीता



गीता र सीतामा के के फरक देखिन्छ ? छलफल गर्नुस् ।

गीता आफ्नो साथी सीतालाई धारामा भेट्छे ।

गीता: नमस्ते सीता । लामो समयदेखि भेटेको छैन ।
तिमीलाई कस्तो छ ?
सीता: राम्रो छैन । पखाला लाग्यो ।
गीता: किन होला ?
सीता: मलाई थाहा छैन ।
गीता: फोहोर पानी खायौ, होला ?



सीता: फोहोर पानीले हामीलाई रोग लाग्छ ?
गीता: हो । फोहोर पानीबाट धेरै रोगहरु सर्छः
हैजा, पखाला । हाम्रो धाराको पानी राम्रो छ ।
तर हामीले सफा भाँडामा पानी छोपेर राख्नुपर्छ ।
तिम्रो भाँडा धेरै फोहोर छ ।

सीता: हुन्छ, हुन्छ । म मेरो भाँडा धुन्छु ।
गीता: तिम्रो हात, मुख पनि एकदम फोहोर छ ।
शनिबारको दिनमा नुहाउदैनौ त ?
सीता: फुर्सद छैन ।
गीता: फुर्सद छ ।
फोहोर हातले खाएकोले पखाला लाग्यो ।
सीता: हुनसक्छ ।
गीता: दिसा गरेपछि खरानी, साबुन पानीले हात धुनुपर्छ ।
सीता: फोहोर हातले पनि रोग फैलन्छ ?
गीता: हो । त्यसैले सधै खाना खानु भन्दा पहिले हात धुनुपर्छ । त्यस बाहेक हरेक शनिबार शरीर नुहाएर सफा लुगा लगाऊ ।


# शरीरको सरसफाइ

छलफल गर्ने:











सीता: मेरो लुगा एकदम फोहोर छ ।
ल, पहिला म मेरो भाँडा धुन्छु, त्यसपछि नुहाउँछु,
त्यसपछि लुगा धुन्छु ।

गीता: एकदम राम्रो छ ।
हाम्रो शरीरको सरसफाइ हरेक दिन गर्नुपर्छ ।
ल, धेरै गफ गरेछौं । छिटो निको हौ ।

छलफल गर्ने:


१. सीतालाई के को रोग लाग्यो ?

२. फोहोर पानीबाट कुन कुन रोग सर्छ ?

३. कुरा गरेपछि सीताले के के काम गर्छे ?

४. शरीरलाई सफा राख्न के के गर्नुहुन्छ ?

५. के को लागि पानी आवश्यक छ ?



| | | | | |
|---|---|---|---|---|
| चुल्हो |  | चुल्हा |  | चुल्हा |




च

चुल्हो

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| च | | | | | | | | | | | | | | | |

च चर्पी चरा चदर चलन परिवार चल्ला

| | |
|---|---|
| चि | चि चे चु ची चू चि चो चै चो ची चो |
| चुल्हो | चुरा चोलो चुल्हो चल्ला चार चामल चोर |
| चिया | चिनी चिया चर्पी चिसो चिया चिनु |

| | | | |
|---|---|---|---|
|  |  |  |  |

| | | | |
|---|---|---|---|
| चुल्हो | चर्पी | चोलो | चामल |

| | | |
|---|---|---|
| च  | च् |  |
| | च = च् | बच्चा |

मच्चा

१. मेरो घरमा ________ ________ छ ।


२. ________ पिरो हुन्छ ।

३. ________ सानोदेखि चर्पीमा दिसा गर्नुपर्छ ।

४. पाहुना धेरै आयो । ________ किन्नुपर्छ ।

चुल्हो बच्चाले चोलो चामल मच्चा चर्पी

# पैसा




अभ्यास गर्नलाइ नक्कली पैसा चलाउने । तल जस्तै अभ्यास गराउने ।

१. कति पर्छ **?**

क. गीताले १ किलोग्राम नुन र सबुन (लुगा) किन्छे । जम्मा कति पर्छ ?

| | |
|---|---|
| चुरा | रु. ५ |
| नुन | रु. ८ |
| चाउचाउ | रु. २२ |
| साबुन लुगा | रु. २५ |
| साबुन | रु. ३० |
| चुरोट | रु. ४५ |
| चरिउ | रु. ६० |

```
   २ ५
 +   ८
 ------

 ------
```


२. कति फिर्ता लिने **?**

मायाले २ प्याकेट चाउचाउ र १ प्याकेट सलाइ किन्छे । मायाले रु. ५० दिन्छे । कति फिर्ता लिन्छे ?

```
   २ २
   २ २          ५ ०
 +   ३        - ४ ७
 ------       ------

 ------       ------
```

# धुवाँरहित चुल्हो





माथिको दुई फोटोमा के फरक छ? छलफल गर्ने ।

| ओधान | चुल्हो |
|---|---|
| १. दाउरा धेरै लाग्छ | १. ............................ |
| २. भात पकाउनलाई धेरै समय लाग्छ | २. ............................ ............................ |
| ३. धुवाँ धेरै आउँछ | ३. ............................ |
| ४. धुवाँले आँखा र फोक्सोमा रोग लाग्छ | ४ ............................ . ............................ |
| ५. सानो बच्चालाई आगोले पोल्छ | ............................ ५. |

| ढ |
|---|




ढोका

| ढ | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

ढ ढाका ढुगां पढ्नु

ढि | ढी ढे ढु ढि ढू ढि ढै ढो ढी ढो ढा

ढ  ढ्



पढ्नु

म पढ्छु


उसले पढ्छ

उहाँ पढ्नुहुन्छ

# चुल्होको आवाज

एक दिन मेरो आमाले चुल्होमा आगो बाल्नुभयो ।
लामो, लामो दाउरा हाल्नुभयो ।
ढोका बन्द गर्नुभएको थिएन ।
चिया पकाउने विचार थियो ।
चियापत्ती र चिनी लिँदा एउटा ठुलो आवाज सुन्नुभयो:

**मेरो ढोका बन्द गर !**
**मेरो ढोका बन्द गर !**



कसले बोलेको ?
मेरो आमाले वरिपरि हेर्नुभयो ।
घरमा कोही पनि थिएन ।
एकछिन पछि फेरि सुन्नुभयो:

**मेरो ढोका बन्द गर !**
**मेरो ढोका बन्द गर !**

यो मेरो चुल्होको आवाज हुन सक्छ ।
आमाले छिटो छिटो ढोका बन्द गर्नुभयो ।
अहिले आमाले सधैं ढोका बन्द गर्नुहुन्छ ।
अनि दाउरा पनि छोटो छोटो हाल्नुहुन्छ ।

१. आमाले कस्तो दाउरा हाल्नुभयो ?

२. कस्तो दाउरा हाल्नुपर्छ ?

३. चुल्होले के भनेको छ ?

४. चुल्होको ढोका किन बन्द गर्नुपर्छ ?

## याद गर्नुस्:

१. आगो बालेपछि ढोका बन्द गर्नुस् ।
२. दाउरा छोटो काट्नुस् ।
३. ट्याङ्कीमा पानी हाल्नुस् ।

| | | | |
|---|---|---|---|
| १. | बन्द गर्नुस् | ढोका | आगो बालेपछि |

| | | | |
|---|---|---|---|
| २. | छोटो | काट्नुस् | दाउरा |

| | | | |
|---|---|---|---|
| ३. | ट्याङ्कीमा | हाल्नुस् | पानी |

# मायाको छोरी

सीमा: नमस्ते माया । सबैलाई सन्चै छ ?
माया: छोरीलाई सन्चो छैन ।
सीमा: कति दुब्लाएको छे । उसको कपाल पातलो भयो,
हात खुट्टा सुन्निएको छ ।
माया: हो । मलाई एकदम चिन्ता लाग्यो ।
छोरीको छालामा हेर्नुस् न ।
सीमा: घाउ भएको छ । के भयो होला ?



सीमा: के के खुवाउनुहुन्छ ?
माया: बिस्कुट, चिया, चाउचाउ, रोटी ।
सीमा: तरकारी, भात, दूध छैन ?
माया: छैन ।



सीमा: तपाईको छोरीलाई राम्रो खानेकुरा खुवाईदिनुस् !
माया: चाउचाउ, चिया, बिस्कुट राम्रो हुँदैन ?

१. चाउचाउ, चिया, बिस्कुट धेरै खान राम्रो छ कि छैन ? किन होला ?

................................................................................

२. मायाको छोरीलाई कस्तो छ ? किन ?



छाला:

..................................................

हात खुट्टा:

..................................................

तौल:

..................................................


कपाल:

................................................................................

३. तपाईको घरमा के के खानेकुरा पाइन्छ ?

................................................................................






हामीले हरेक दिन विभिन्न खानेकुरा खान्छौं ।
खानेकुराको नाम लेख्नुस्: ..............................................

......................................................................

# निरोगी बनाउने खाना



सीमा: खाना नखाएमा के हुन्छ ?



माया: बिरामी हुन्छ । बच्चा बढ्दैन । बल घट्छ ।
सीमा: खाना नखाएमा छिटो बिरामी हुन्छ ।
रोगबाट बच्नको लागि के के खानुपर्छ ?
माया: तरकारी होला ?
सीमा: हो । साग, फर्सी, काउली, सिस्नो, मुला ।
यो निरोगी बनाउने खाना हो ।



माया: ग्रीन हाउसमा साग, काउली लगाउनुपर्छ ।
यो खाना चाउचाउ भन्द धेरै राम्रो हुन्छ ।



सीमा: हो । यो खानेकुरामा भिटामिन पाइन्छ ।

तपाईको गाउँघरमा निरोगी बनाउने खानेकुरा
के के पाइन्छ **?**

# बढ्न मद्धत गर्ने खाना





सीमा: खाना नखाएमा बच्चा बढ्दैन ।
बढ्नको लागि के के खानुपर्छ ?




माया: मलाई थाहा छैन ।


सीमा: हाम्रो शरीरको विकासको लागि
हामीले मासु, दूध, दही, मही, दाल,
सिमी, भटमास खानुपर्छ ।
यो खानेकुरा प्रोटिन दिने खानेकुरा हो ।

तपाईको गाउँघरमा बढ्न मद्धत गर्ने खानेकुरा
के के पाइन्छ ?



# बल दिने खाना

माया: तरकारी र दही मात्रै खाने त?
सीमा: होइन । बल दिने खानेकुरा पनि खानुपर्छ ।
माया: कुन कुन खानाले बल दिन्छ ?
सीमा: चिनु, चामल, मकै, कोदो, गहुँ, फापर, आलु, तेल, घ्यु ।
माया: मेरो छोरीलाई हरेक दिन यो ३ समुहको खानेकुरा खुवाइदिन्छु ।




तपाईको गाउँघरमा बल दिने खानेकुरा के के पाइन्छ **?**

३ समुहको खानेकुरा


| निरोगी बनाउने खाना | बढ्न मद्धत गर्ने खाना | बल दिने खाना |
|---|---|---|
| साग | भटमास | चमल |
| ................ | ................ | ................ |
| ................ | ................ | ................ |
| ................ | ................ | ................ |

१. तीनवटा खानेकुराको समुह के के हुन् ?

| | | |
|---|---|---|
|  |  |  |
| १. | २. | ३. |

२. आलु, भात, मकैले
हामीलाई के दिन्छ ?

...........................




३. सागमा के पाइन्छ ?

...........................



४. दाल, भटमासमा के पाइन्छ ?
के को लागि चाहिन्छ ?

...........................



| | | | | | |
|---|---|---|---|---|---|
|  | चर्पी |  | चर्पी |  | चर्पी |

| | |
|---|---|
|  | ज |

जुका

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ज | | | | | | | | | | | | | | | |

ज जमिन जन्मनु जंगल जुम्रा सिस्नु जिल्ला

| | |
|---|---|
| जा | जो जि जे जु जी जू जि जै जो जा चो |
| जुका | जानु जुन जान्नु जुका जुत्ता जुमा जुम्रा |
| बाजे | हैजा आज खाजा कमजोर बजार हिजो बाजे |

| | | | |
|---|---|---|---|
| १000 |  |  |  |

| | | | |
|---|---|---|---|
| जुका | हजार | गाजर | जुम्रा |

१. मेरो ______ बिरामी भयो ।

२. ______ धेरै भिटामिन ए पाइछ ।


३. मेरो पेट दुखिरहेछ । ______ पर्छ ।

४. ______ रुपैयाँ पर्छ ।

गाजरमा   जुका   बिजुली   बाजे   हजार

# चर्पी चाहिन्छ

हामी खोल्सी गाउँमा बस्छौं । आजभोलि हाम्रो गाउँमा कतै फोहोर छैन । गएको साल हामीले चर्पी बनाएको छौं । पहिले जताततै दिसा पिसाब गरेर फोहोर हुन्थ्यो । त्यसैले हाम्रा गाउँमा धेरै रोगी हुन्थे । एक दिन मेरो बुवा डाँडाफायामा जानुभयो । त्यहाँबाट फर्केर साथीलाई भेट्नुभयो ।



बुवा: डाँडाफायामा विकास भएको छ
हरेक घरमा चर्पी बनाएको छ।

साथी: हो र! गाउँमा पहिला भन्दा
परिवर्तन भएको छ?

बुवा: हो । गाउँलेहरु चर्पीमा
दिसा गर्छन् ।
बाटोमा दिसा गर्दैनन् ।

साथी: सानो बच्चाले पनि चर्पीमा दिसा पिसाब गर्छन् ?

बुवा: सानो देखि चर्पीमा दिसा गर्ने बानी भयो भने राम्रो हुन्छ । दिसा गरेपछि हात साबुन पानीले धुन्छन् । चर्पीमा दिसा गरेकोले डाँडाफायाको मान्छेलाई धेरै रोग लाग्दैन ।

साथी: तर धेरै जसो चर्पी एकदम फोहोर छ त ! एकदम गन्हाउँछ, होइन त ?

बुवा: दिसा गरेपछि कुचो पानीले सफा गर्नुपर्छ अनि चर्पी गन्हाउदैन ।


साथी: हाम्रो गाउँमा पनि चर्पी बनाउनुपर्छ होला ।



१. पहिला गाउँमा धेरै रोगी हुन्थ्यो, किन होला ?

२. डाँडाफायामा के के परिवर्तन भयो ?

३. दिसा गरेपछि के के गर्नुपर्छ ?



## याद गर्नुस्:

| | | | |
|---|---|---|---|
| १. | गर्नुस् | दिसा | सधैं चर्पीमा |

| | | | |
|---|---|---|---|
| २. | साबुन पानीले | दिसा गरेपछि | हात धुनुस् |

| | | | |
|---|---|---|---|
| ३. | सफा राख्नुस् | चर्पी | कुचो पानीले |

# हात धुनुपर्दैन ?

आमा: भात खाने बेला भयो ।
मुने, गीता छिटो आऊ ! हात धोएको छ ?
मुने: भोक लाग्यो, भोक लाग्यो !
मेरो हात सफा छ । धुनुपर्दैन ।
आमा: ल, भात खाऊ !

(केही दिन पछि)



आमा: भात खाने बेला भयो ।
मुने, गीता छिटो आऊ !
मुने: आज नखाने ।
मेरो पेट दुखिरहेछ ।
वाकवाक लाग्यो, पखाला लाग्यो ।
आमा: स्कुल जान सक्दैनौ ?
मुने: नजाने । एकदम कमजोर भएँ ।

आमा: मेरो छोरालाई के भयो ? कुन रोग लागेछ होला ?
छिमेकीकोमा सल्लाह लिन जान्छु ।

आमा:	नमस्ते छिमेकी । तपाईको सल्लाह चाहिन्छ ।


छिमेकी: के भयो, भन्नुस् न!

आमा:	मेरो छोरालाई सन्चो छैन ।
पेट दुख्छ, वाकवाक लाग्यो, पखाला लाग्यो ।
एकदम कमजोर छ ।

छिमेकी: उसको पेट फुलेको पनि छ?

आमा:	छ । मेरो छोरा धेरै दुब्लाएको छ ।
मलाई एकदम चिन्ता लाग्यो ।


छिमेकी: चिन्ता नमान्नुस!
तपाईको छोरालाई जुका
परेको छ ।



१. मुनेलाई कुन रोग लाग्यो?

२. जुका परेको कसरी थाहा पाउन सकिन्छ?

आमा: मानिसको शरीरमा जुका कसरी पर्छ ?
छिमेकी: जुका परेको मान्छेको दिसामा जुकाको फुल हुन्छ । यो फुल माटोमा हुन्छन् ।
आमा: मेरो छोराले धेरै जसो माटोमा खेल्छ । हात नधोईकन भात खान्छ ।
छिमेकी: हो, फोहोर हातले खाँदाखेरी जुकाको फुल मान्छेको पेट पुग्छ ।
आमा: छोरालाई गाली गर्छु ।



१. आमाले छोरालाई किन गाली गर्नुहुन्छ ?

२. मानिसको शरीरमा जुका कसरी पर्छ ?

आमा: बच्चालाई कसरी जुकाबाट बचाउने ?
छिमेकी:

१. खाने बेलामा ....................
राम्रोसँग साबुन पानीले धुने ।

......................................


......................................



२. सधैं ................ लगाउने ।

......................................


......................................



३. फोहोर ........... नखुवाउने ।

......................................


......................................



४. सधैं चर्पीमा ........... गर्ने ।


......................................

......................................



खानेकुरा हात दिसा चप्पल

शब्द खाली ठाउमा राख्ने । पुरा वाक्य लेख्ने । चित्र र वाक्य जोड गर्ने ।


| | |
|---|---|
|  | झ |

झिंगा

| झ | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

झ    झोला  झिंगा  झाडा  पखाला  झोपा  झोल

झ | झा  झि  झे  झु  झी  झू  झि  झै  झो  झा

| | | | |
|---|---|---|---|
|  |  |  |  |

| | | | |
|---|---|---|---|
| झिंगा | झोला | झोपा | झाडा<br>पखाला |


१. जतातातै दिसा गरेकोले ______ बढी छ ।

२. किताब ______ राख्नुस् ।


३. ______ लाग्यो भने धेरै पानी खानुपर्छ ।

झिंगा चर्पी झोलामा झाडा पखाला

# झिंगा  झिंगा



केटाकेटी जतातातै
दिसा गर्छन् ।
झिंगा फोहोरमा बस्छन् ।



झिंगा खानामा पनि
बस्छन् ।
बच्चाले झिंगा भन्केको
खाना खान्छ ।

## पछि के भयो होला ?

छलफल गर्ने ।

# झाडा पखाला

बेलुका भात खादै गीता छिटो छिटो उभिएर
बहिर गइन् ।

आमा: के भयो, गीता ?
गीता: मलाई झाडा पखाला लाग्यो । पेट दुखिरहेछ र
धेरै पटक पतालो दिसा गरे ।
आमा: के गर्ने, होला ?
तिम्रो शरीरबाट धेरै पानी बाहिर गयो ।
त्यसैले धेरै पानी खानुपर्छ ।

बुवा: म जीवन जल बनाउछु । छोरीलाई खुवाइदिन्छु ।

आमा: जीवन जल कसरी बनाउने ?
बुवा: ६ चिया गिलास भरि सफा पानी हाल्ने र एक
पुरिया जीवन जल मिसाउने । छोरीलाई खुवाउने ।
हाम्रो छोरी धेरै कमजोर भइन् ।

आमा: भोलि बिहान दालको रस खुवाइदिन्छु ।
छोरीको शरीर सुक्खा भएकोले झोल दिनुपर्छ ।
बुवा: भोलि पर्सी निको भइन् । मेरो आशा छ ।

| | | | | | |
|---|---|---|---|---|---|
|  | बत्ती |  | बत्ती |  | बत्ती |

| | | | |
|---|---|---|---|
| त | त्त |  |  |
| | त + त = त्त | बत्ती | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| त्त | | | | | | | | | | | |
| बत्ती | | | | | | | | | | | |
| जुत्ता | | | | | | | | | | | |

माथिको दुई फोटोमा के फरक छ? छलफल गर्नुस् ।


| बत्ती | झर्रो |
|---|---|
| १. .................................. | १. आँखा देख्दैनन् । |
| .................................. | पढ्न, लेख्न गाह्रो छ । |
| २. .................................. | २. धुवाँ आउँछ । |
| .................................. | खोकी लाग्छ । |
| .................................. | आँखा पोल्छ । |

# मोतीको सल्लाह

एक दिन मोती तुलिनबाट पाम्लाथुममा गईन् । पाम्लाथुममा उनको काकीलाई भेटिन् ।

काकी: बस, बस, नानी । म एकछिन चिया पकाँउछु ।
मोती: गाउँको हाल खबर के छ ?
काकी: हिजोदेखि हाम्रो गाउँमा बत्ती पनि छ । हेर !
आहा, कस्तो राम्रो । होइन त ?
हो । घर सफा गर्ने, पकाउने, पढ्ने, सबै काम एकदम सजिलो छ । बत्ती बालेकोले आँखा देख्छु ।

मोती: दिनभरि बत्ती बाल्नुहुन्छ ?
काकी: हो, दिनभरि ।
मोती: दिनभरि बाल्नु हुँदैन । बत्ती आवश्यक परेमा बाल्नुस् । नचाहिने बेलामा बन्द गर्नुस् !



काकी: मलाई थाहा थिएन । म बन्द गर्छु । एकछिन है । म धोएको लुगा सुकाएर आउछु ।
मोती: धोएको लुगा कहाँ सुकाउनुहुन्छ ?
काकी: प्यानलमा ।

मोती: प्यानलमा लुगा नराख्नुस्! प्यानल छिटो बिग्रिन्छ ।
एकछिन मलाई पुछ्ने कपडा दिनुस् ।
म प्यानल सफा गरिदिन्छु । प्यानल बिहान वा बेलुकी

काकी: सधैं सफा गर्नुपर्छ ।
तिमीलाई सबै
थाहा छ ।
ब्याट्रीमा के को
पानी हाल्नुपर्छ ?



मोती: मैले बिर्सेको ।
ब्याट्रीमा आकाशबाट
परेको सफा पानी
हाल्नुस् ।
ल, ढिलो भयो । म घरमा जानुपर्छ ।

मोतीले काकीलाई बत्ती सम्बन्धी सल्लाह दिइन् । लेख्नुस् ।

१. बत्ती ..................................................................

२. प्यानल ..............................................................



३. ब्याट्रीमा ...........................................................

# याद गर्नुस्:

| | | | |
|---|---|---|---|
| १. | आवश्यक परेमा | बाल्नुस् | बत्ती |

| | | | |
|---|---|---|---|
| २. | सफा गर्नुस् | प्यानल | बिहान वा बेलुकी |

| | | | |
|---|---|---|---|
| ३. | ब्याट्रीमा | हाल्नुस् | आकाशको पानी |

| | | | | | |
|---|---|---|---|---|---|
| सुखी |  |  |  |  | परिवार |

मेरो परिवारमा चार सदश्य छन्:



पानी




चुल्हो

सुखी परिवार



चर्पी



बत्ती